# भारतीय राजदूतावास

# काठमाडौँ

# प्रेस विज्ञप्ति

## नेपालको गण्डकी प्रदेशको मुस्ताङमा उच्च प्रभाव सामुदायिक विकास परियोजनाको उद्घाटन

भारत सरकारको आर्थिक सहयोगमा गण्डकी प्रदेशको मुस्ताङको लोमन्थाङ गाउँपालिका-१ मा लोवो निफुग नाम्ड्रोल नोर्वुलिङ्ग गुम्बा विद्यालयका लागि निर्माण गरिएको छात्रावास भवनको मिति २०८३ असार १ गते नेपालका लागि भारतीय राजदूत महामहिम श्री नवीन श्रीवास्तव र लोमन्थाङ गाउँपालिकाका अध्यक्ष श्री टसी न्हर्वु गुरुङले संयुक्त रुपमा उद्घाटन गर्नुभयो ।

२. ४ वटा ब्लक र सम्बद्ध संरचनाहरु सहितको यो दुई तले छात्रावास भवनको निर्माण कार्यलाई उच्च प्रभाव सामुदायिक विकास परियोजनाको रुपमा अघि बढाइएको थियो जसलाई मुस्ताङको लोमन्थाङ गाउँपालिका मार्फत कार्यान्वयन गरिएको थियो ।

३. लोवो निफुग नाम्ड्रोल नोर्वुलिङ्ग गुम्बा विद्यालयले स्थानीय साँस्कृतिक सम्पदाको संरक्षणमा महत्वपूर्ण भूमिका खेलेको छ । बौद्ध शिक्षाका अतिरिक्त यस विद्यालयले नेपाल सरकारको शैक्षिक प्रणाली अनुरुपको गुणस्तरीय पाठ्यक्रम समेत प्रदान गर्दै आएको छ ।

४. नेपालका लागि भारतीय राजदूत महामहिम श्री नवीन श्रीवास्तवले यस परियोजनाका सम्पूर्ण सरोकारवालाहरुलाई शुभकामना व्यक्त गर्नुभयो । वहाँले साझा विकास र समृद्धि हासिल गर्न नेपाल सरकार र नेपाली जनतासँग मिलेर काम गर्ने भारत सरकारको दृढ प्रतिबद्धतालाई दोहोर्‍याउनुभयो । लोमन्थाङ गाउँपालिकाका अध्यक्ष, विद्यालय व्यवस्थापन, तथा

अन्य सरोकारवालाहरुले भारत सरकारको तर्फबाट प्रदान गरिने विकास सहयोगको प्रशंसा गर्नुभयो। वहाँहरुले नयाँ पूर्वाधारले लोवो निफुग नाम्ड्रोल नोर्वुलिङ्ग गुम्बा विद्यालयको आवास सुविधा र समग्र सिकाइ वातावरणमा सुधार ल्याउन मद्दत पुग्ने कुरामा जोड दिनुभयो।

५. उच्च प्रभाव सामुदायिक विकास परियोजना कार्यक्रम सुरु भएयता भारत सरकारले नेपालका सबै ७ वटै प्रदेश र ७४ वटा जिल्लाहरु समेट्ने गरी करिब ६०० वटा परियोजनाहरु अघि बढाइसकेको छ। यीमध्ये मुस्ताङ जिल्लाका १८ वटा परियोजनाहरुसहित गण्डकी प्रदेशका विभिन्न क्षेत्रहरुमा ६३ वटा परियोजनाहरु रहेका छन्। विगतका वर्षहरुमा भारत सरकारले मुस्ताङ जिल्लामा ११ वटा एम्बुलेन्स र ६ वटा स्कुल बस सहित गण्डकी प्रदेशका स्वास्थ्य तथा शिक्षा क्षेत्रमा कार्यरत विभिन्न संस्थाहरुलाई १२६ वटा एम्बुलेन्स र ५२ वटा स्कुल बस उपहारस्वरुप प्रदान गरेको छ।

६. नजिकको छिमेकी भएको नाताले भारत र नेपालबीच व्यापक र बहुक्षेत्रीय सहकार्य रहेको छ। उच्च प्रभाव सामुदायिक विकास परियोजनाको कार्यान्वयनले प्राथमिकताका क्षेत्रहरुमा पूर्वाधार विकास गर्नुका साथै विकास र समृद्धिलाई अगाडि बढाउने नेपाल सरकारको प्रयासलाई सुदृढ पार्न भारत सरकारको निरन्तर सहयोगलाई प्रतिबिम्बित गर्छ।

काठमाडौं,

२०८३ असार १